# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ

## गोदामघर भाडामा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

**सूचना नं. सा.प्र ३/०७७/०७८**

**(प्रथमपटक प्रकाशिन मिति : २०७७/०७/०२)**

यस संस्थानका मुद्रण सम्बन्धीका सामग्रीहरू (न्यूजप्रिन्ट रोल कागज, मसी लगायत) भण्डारण गर्नका लागि देहायका सर्त, सुविधा र क्षेत्रभित्र करिब ४००० वर्ग फिट क्षेत्रफलको गोदाम घर आवश्यक भएकोले इच्छुक गोदाम घरधनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरू :**

१. बोलपत्र फाराम रु.३,०००।-(अक्षरेपी तीन हजार रुपैयाँ) फिर्ता नहुने गरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ र उक्त फाराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

२. गोदाम घरधनीको नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाण पत्र र पासपोर्ट साइजको फोटो एक प्रति बोलपत्र साथ संलग्न हुनुपर्नेछ।

३. संस्थानलाई भाडामा उपलब्ध गराउन प्रस्ताव गरेको गोदाम घर काठमाडौँ र ललितपुर जिल्लाभित्रको (रिङरोड) चक्रपथभित्र वा चक्रपथ बाहिर बढीमा ३ (तीन) कि.मी. दूरीभित्र हुनुपर्नेछ।

४. गोदाम घरसम्म ठूला ट्रक आवतजावत गर्न सक्ने हुनुपर्नेछ।

५. प्रचलित नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा लाग्ने कर भुक्तानीको जिम्मेवारी घरधनीकै हुनेछ। संयुक्त नामको भएमा सबै घर गोदाम/जग्गाधनीको र कम्पनी/सङ्गठित संस्थाको स्वामित्वमा संस्थाको पत्र अनिवार्य हुनेछ।

६. मासिक, द्वैमासिक र त्रैमासिक रूपमा गोदाम घरभाडा भुक्तानी गर्न सकिने भनी सम्झौतापत्रमा उल्लेख गर्न सकिनेछ। बोलपत्र पेस गर्दा सिलबन्दी खामबाहिर गोदाम सम्बन्धी बोलपत्र फाराम भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ।

७. बोलपत्रदाताले रु.५०,०००।-(अक्षरेपी पचास हजार रुपैयाँ) रकम धरौटी वापत संस्थानको ने.बैं.लि. काठमाडौँ कार्यालयस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको ९० दिनको बैंक ग्यारेन्टीको सक्कलप्रति संलग्न गरी बोलपत्र पेस गर्नुपर्नेछ।

८. सिलबन्दी बोलपत्र संस्थानको केन्द्रीय कार्यालय सामान्य प्रशासन शाखा, धर्मपथ काठमाडौँमा मिति २०७७।७।१७ गते १२:०० बजेभित्र बुझाउनुपर्नेछ। ढिलो गरी प्राप्त हुन आएका सिलबन्दी बोलपत्र स्वीकार गरिनेछैन।

९. बोलपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

१०. तोकिएको समयभित्र पेस भएका सिलबन्दी बोलपत्रहरू उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा गोरखापत्र संस्थानको केन्द्रीय कार्यालय धर्मपथ काठमाडौँमा मिति २०७७।७।१७ गते दिनको २:०० बजे खोलिनेछ।

११. सिलबन्दी बोलपत्र पेस गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खोलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजेभित्र दर्ता गर्न सकिनेछ।

१२. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ।

१३. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्य सम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ। उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ।

१४. स्वीकृत बोलपत्रदाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा उपलब्ध नगराएमा संस्थानले सम्झौता रद्द गरी धरौटीबापतको रकम जफत गर्नेछ।

१५. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन, नियमअनुसार हुनेछन्।

**सामान्य प्रशासन शाखा**

**गोरखापत्र संस्थान**

**फोन न. ४२२३०७८**